## गिरी पक्राउ प्रकरण

# सम्पत्ति शुद्धीकरणमा अनुसन्धान

**आपराधिक विश्वासघातमा अनुसन्धान गरिरहेको प्रहरीले गिरी र उनको परिवारसमेतको नाममा रहेको चलअचल सम्पत्तिको विवरण यकिन गर्न विभिन्न निकायमा पत्राचार सुरु गरेको छ ।**

**रङ्गेली समाचारदाता**
*विराटनगर, असार १६ गते*

मोरङ कारागार, विराटनगरमा कैदीबन्दीलाई वितरण गर्नुपर्ने भत्ता असुलेको आरोपमा पक्राउ परेका अभिषेक गिरीविरुद्ध सम्पत्ति शुद्धीकरणको समेत प्रहरीले अनुसन्धान सुरु गरेको छ। अपहरण तथा शरीर बन्धक मुद्दामा नौ वर्ष कैद भुक्तान गरेर २०७९ साल चैत ५ गते छुटेपछि पनि गिरीले कारागार बाहिरै बसेर त्यहाँभित्र आफ्नो असुलीधन्दा चलाइरहेको आरोपमा शनिबार प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ।

मोरङ प्रहरीले घरबाटै नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेका गिरीविरुद्ध शुक्रबार कैदीबन्दीलाई बाँडेको १३ लाख ४० हजार रुपियाँ असुलेको आरोप छ। "आपराधिक विश्वासघात' मा अनुसन्धान गरिरहेको प्रहरीले गिरी र उनको परिवारसमेतको नाममा रहेको चलअचल सम्पत्तिको विवरण यकिन गर्न विभिन्न निकायमा पत्राचार सुरु गरेको हो। त्यति मात्रै नभई सामाजिक काम गर्न भन्दै स्थापना गरिएको गिरी फाउन्डेसनसँग जोडिएका व्यक्तिको समेत निगरानी सुरु गरेको छ।

प्रहरी नायब उपरीक्षक एवं मोरङ प्रहरीका प्रवक्ता मकेन्द्रकुमार मिश्रका अनुसार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागसँग भएको गिरीको पुरानो विवरणसमेत माग गरिएको छ। सम्पत्ति शुद्धीकरणमा गिरीलाई २०६९/७० मा मुद्दा चलेको थियो। सहकारीको नियमन गर्ने निकायसँग सहकारीमार्फत गिरीको नाममा कारोबार भए नभएको विवरण, बिमा, बैङ्क तथा वित्तीय संस्थाको कारोबार विवरण, कम्पनी रजिष्ट्रार र घरेलु तथा साना उद्योग कार्यालय अन्तर्गत गिरीको नाममा उद्योगधन्दा दर्ता भए नभएको विवरण, नेपाल स्टकएक्सचेन्जसँग सेयर कारोबारको विवरणसमेत मागिएको छ।



पक्राउ परेका अभिषेक गिरी

गिरी विगतमा समेत सत्ता र शक्ति प्रयोग गरेर मोरङ कारागारमा आउन चाहने र त्यहाँबाट बाहिरका उद्योगी व्यवसायीसँग रकम असुल्ने गरेको आरोप लाग्ने गर्दथ्यो। त्यसबाहेक कारागारभित्र गिरीको असुली चरम रहेको आरोप लाग्दै आएको थियो। कारागारमा ल्याउने र नल्याउने विषयमा बारम्बार हुने झडपमा सधैँ तनावको स्थिति सिर्जना हुने गरेको थियो। कारागारबाट बाहिर निस्केपछि सामाजिक सेवामा लाग्ने बताउँदै गिरी फाउन्डेसन खोलेर त्यसका नाममा चन्दा उठाउने गरेको समेत आरोप छ। मोरङ कारागारमा आवश्यक पर्ने तरकारीदेखि सरसामानका ठेक्कापट्टामा गिरीको भूमिका रहेको आरोपसमेत लाग्दै आएको छ। कैदीबन्दीलाई दिनुपर्ने भत्तासमेत गिरी समूहले असुल्ने गरेको पछिल्लो घटना बाहिरिएपछि प्रहरीले सूक्ष्म अनुसन्धान गर्ने भएको छ।

कारागार प्रशासनले गर्मी भत्ताका रूपमा दुई हजार पाँच सय रुपियाँका दरले कैदीबन्दीलाई बुधबारदेखि शुक्रबार वितरण गरेको थियो। उक्त रकम कारागारभित्रकै सहयोगी कर्मचारी, आपूर्तिकर्ता र उनका सहयोगीमार्फत गिरीले असुलेको आरोप छ। कारागार मोरङका सहयोगी शिवचरण यादव, कारागारमा तरकारी आपूर्ति गर्दै आएका विजय कामत र गिरीका सहयोगी दीपक कार्कीमार्फत कैदीबन्दीलाई वितरण गरिएको १३ लाख ४० हजार असुलेको आरोप छ। कारागारको ब्लक बीका ५५६ जना कैदीबन्दीले पाउने भत्ता गिरीले असुलेको भन्दै त्यहीँ भित्रबाटै सूचना प्रहरीसम्म पुगेको हो।

कारागारभित्र कैदीबन्दीले मुढा तथा गलैँचा उत्पादन गरेर बिक्री गरेको पैसासमेत लाने गरेको, सरकारले कैदीबन्दीलाई दिने सुविधा खोस्ने गरेको आरोप गिरीलाई लागेको छ।

मोरङका प्रहरी प्रवक्ता मिश्रका अनुसार आइतबार पाँच दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको छ। विगतदेखि नै चलाउँदै आएको कारागार साम्राज्य अहिले पनि आफ्नै निकटका व्यक्तिलाई चौकीदारमा नियुक्त गराएर गर्ने पाइएकाले प्रहरीले यसलाई सामान्य रूपमा लिन नसक्ने प्रवक्ता मिश्र बताउनुहुन्छ।

# मिटरब्याजविरुद्धको उजुरीमा अनुसन्धान

**शशिधर पराजुली**
*विराटनगर, असार १६ गते*

मोरङमा अनुचित लेनदेन (मिटरब्याज) का कारण सर्वसाधारणले ज्यान फाल्ने र सुकुमवासी हुने क्रम बढेपछि जिल्ला प्रशासन कार्यालयले गम्भीर प्रकृतिका उजुरीलाई विशेष प्राथमिकता दिएर समाधानको पहल थालेको छ। प्रशासनले अति जोखिममा रहेका एक सय वटा उजुरीलाई 'फास्ट ट्र्याक' मा अध्ययन गरी किनारा लगाउने प्रक्रिया अघि बढाएको हो।

मिटरब्याजकै पीडाका कारण पीडित आन्दोलित हुने र आत्महत्यासमेत गर्ने स्थिति आएपछि प्रशासनले समस्या समाधानका लागि पहलकदमी बढाएको हो।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलका अनुसार जो व्यक्ति आत्महत्या गर्ने स्थितिमा पुगेका छन् वा जो पूरै सुकुमवासी हुने अवस्थामा छन्; त्यस्ता गम्भीर प्रकृतिका उजुरीलाई मुख्य प्राथमिकतामा राखिएको छ।

विगतमा मिटरब्याजकै पासोमा परेर ज्यान गुमाउनु परेका घटनाले राज्य संयन्त्रमाथि प्रश्न उठाएका छन्। विराटनगर-१४ की ५५ वर्षीय शान्तिदेवी महतोले छोरीको उपचारका लागि लिएको एक लाख ५० हजार रुपियाँ ऋणकै कारण देहत्याग गर्नुपर्ने अप्रिय निर्णय लिनुभयो। उहाँले लिएको कर्जाभन्दा तीन गुणा बढी साढे चार लाख रुपियाँ तिरिसक्दा पनि धितोबापत साहुले लिएको घडेरी फिर्ता नगरी उल्टै घर खाली गराउन धम्की दिएपछि २०८३ असार ७ गते शान्तिदेवीले आत्महत्याको बाटो रोज्नुभयो।

यसअघि २०८० साउन ७ गते कटहरीका ३२ वर्षीय विनीत सोनारले पनि मिटरब्याजकै तनावका कारण मृत्युको बाटो रोज्नुभयो। सोनारले साहुसँग लिएको सात लाख ऋणको साँवाब्याज गरी १५ लाख रुपियाँ तिरिसक्दा पनि घर नपाएपछि उहाँ तनावमा पर्नुभएको थियो। त्यसमाथि साहुले थप १२ लाख रुपियाँ मागेर दुःख दिएपछि उहाँ न्यायका लागि प्रशासन पुग्नुभएको थियो। सहज समाधान निस्किने नदेखेपछि सोनारले जिल्ला प्रशासन कार्यालयबाट बाहिरिँदै गर्दा साथमै रहेको विषपान गर्नुभएको थियो। यस्ता हृदयविदारक घटना दोहोरिन थालेपछि प्रशासनले अहिले उजुरीको वर्गीकरण गरी काम थालेको छ।

जिल्ला प्रशासन कार्यालय मोरङमा हालसम्म एक हजार १५४ उजुरी दर्ता भएका छन्। तीमध्ये पछिल्लो समय दर्ता भएका २२४ उजुरीमध्ये ८० वटामा सहमति भइसकेको छ भने १४४ वटा प्रक्रियामै छन्। प्रशासनको सक्रियतामा हालसम्म नौ करोड ३१ लाख ७२ हजार रुपियाँ र १० बिघा १९ कट्ठा नौ धुर जग्गा पीडित परिवारलाई फिर्ता गराइएको छ।

यद्यपि काम गर्ने क्रममा कानुनी जटिलता मुख्य बाधक रहेको प्रजिअ कट्टेल बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "पीडितसँग तथ्य हुन्छ तर प्रमाण हुँदैन। साहुले सबै कागज मिलाएका हुन्छन्। हामीले कारबाही अघि बढाउँदा उनीहरू अदालतबाट निषेधाज्ञा लिएर आउँछन्। कार्यपालिका र न्यायपालिकाबिचको यो ग्यापले गर्दा काम गर्न कठिन भएको छ।"

मोरङ प्रहरी प्रमुख एसपी कवित कटुवालले अनुचित लेनदेन गर्नेविरुद्ध कडा कारबाही गरिने र कसैले पनि पीडामा परेर आत्महत्या गरेको पाइए 'आत्महत्या दुरुत्साहन' को मुद्दा चलाइने बताउनुभयो। मिटरब्याजपीडितका पक्षमा सङ्घर्ष गर्दै आएका सुनीलकुमार भगतले पीडकले अदालतलाई ढालका रूपमा प्रयोग गरिरहेका कारण गरिब मारमा परिरहेको बताउनुभयो।

## विपत् प्रतिकार्य स्वयंसेवक समूह निर्माण

**हिले समाचारदाता**
*हिले, असार १६ गते*

समुदायस्तरमै विपत् प्रतिकार्य क्षमता विकास गर्ने उद्देश्यले धनकुटामा समुदायस्तरीय विपत् प्रतिकार्य स्वयंसेवक समूह निर्माण सुरु गरिएको छ। यसका लागि पहिलो चरणमा सातदिने तालिम तथा सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ। कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सशस्त्र प्रहरी बल नेपाल नम्बर १ वराह बाहिनी मुख्यालय पकली सुनसरी र सशस्त्र प्रहरी बल नेपाल नम्बर ६ गुल्म हेड क्वाटर छिन्ताङ धनकुटाको सहकार्यमा कार्यक्रम सञ्चालन गरिएको हो।

सहभागीमध्ये १३ जना स्थानीय विपत् सूचक तथा स्थानीय बासिन्दा र सात जना नगर प्रहरी रहेका छन्। सशस्त्र प्रहरी बल नेपाल नं. ६ गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक प्रेमप्रसाद सिग्देलले स्थानीय समुदाय र सुरक्षा निकायबिचको सहकार्यले विपत् प्रतिकार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो। उहाँले तालिमपछि समुदायस्तरमै दक्ष स्वयंसेवक समूह तयार भई आपत्कालीन अवस्थामा तत्काल उद्धार तथा राहतमा सहयोग पुग्ने अपेक्षा रहेको बताउनुभयो।

तालिम अवधिभर विपत्को परिचय, बाढीपहिरोलगायत पानीजन्य विपत् खोज तथा उद्धार, भूकम्प र आगलागी नियन्त्रण, भत्केका संरचनामा उद्धार कार्य, प्राथमिक उपचार तथा गाँठो बाँध्ने विधिलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। सशस्त्र प्रहरी बल नेपाल नम्बर-६ गुल्म हेड क्वाटर छिन्ताङले विपत् व्यवस्थापनमा स्वयंसेवकको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने उल्लेख गर्दै समुदायमै दक्ष स्वयंसेवक तयार भए विपत् जोखिम न्यूनीकरणमा ठुलो सहयोग पुग्ने जनाएको छ।

# कुलो बनेपछि दुई सय रोपनी खेतमा सिँचाइ

**राजकुमार भट्टराई**
*खोटाङ, असार १६ गते*

आठ वर्षमा कुलो रसाएपछि खोटाङको भाटबेँसीका किसानको आँसु रोकिएको छ। सडक निर्माण गर्दा आठ वर्षअघि कुलो बिग्रिएपछि किसानको तीन बाली उत्पादन हुने करिब दुई सय रोपनी खेत बाँझो भएको थियो।

वर्षभरि खान पुग्ने अन्न उत्पादन हुने खेत बाँझो भएपछि भाटबेँसीका किसान चिन्तित थिए। अहिले कुलो निर्माण भएर पानी खेतसम्म आएपछि किसान खुसी भएका छन्।

खोटाङको हलेसी तुवाचुङ नगरपालिका-११, राजापानीको भाटबेँसीमा हलेसी-धितुङ-भाट्बेँसी-रेग्मीटार सडक निर्माण गर्दा २०७५ सालमा लैकुखोला मुहान भएको बाँझगरा कुलो बिग्रिएको थियो। वर्षमा तीन बाली फल्ने खेतमा आकासे पानीको भरमा एक बाली मकै मात्र फल्ने गरेको थियो। भाटबेँसीमा खडेरी परिरहने भएकाले सिँचाइ गर्न नपाउँदा मकैसमेत राम्रो उत्पादन हुँदैन थियो। यस वर्ष कुलो निर्माण भएर सिँचाइ गरेका मकै र सिँचाइ हुन नसकेका मकैको रूप अहिले पनि फरक देख्न सकिने स्थानीय गङ्गाबहादुर बुढाथोकी बताउनुहुन्छ।

खेत बाँझो भएपछि भाटबेँसीका पाँच घर बसाइँसरेर गइसकेका छन्। बसाइँ सर्ने सोच बनाएकी कृष्णकुमारी भट्टराई कुलो निर्माण भएपछि भने सोच हटाएको बताउनुभयो।

करिब तीन किलोमिटर टाढा रहेको लैलुखोला मुहानबाट अप्ठ्यारो भिरमा पाइप लगाएर र सजिलो ठाउँमा आरसिसी ढलान गरेर पानी भाटबेँसीका किसानको खेतसम्म ल्याइएको छ।

अघिल्लो वर्ष विपत् कोषबाट भिरमा करिब २७० मिटर पाइप लगाएको बाँझगरा सिँचाइ योजना उपभोक्ता समितिका अध्यक्ष दीपकबहादुर सुवेदीले बताउनुभयो। चालु आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेश सरकार अन्तर्गत जलस्रोत तथा सिँचाइ विकास डिभिजन खोटाङबाट विनियोजन भएको २८ लाख बजेटबाट पानी खेतसम्म आइपुगकेको उहाँको भनाइ छ। उक्त बजेटबाट नौ सय मिटर पाइप खरिद गरेर लगाइएको छ। करिब २४५ मिटर आरसिसी ढलान गरिएको सुवेदीको भनाइ छ।

त्रिधार्मिक स्थल हलेसीबाट फोक्सिङटार, उदयपुरको गाईघाट हुँदै धरान, विराटनगरलगायत तराईको जिल्ला आउजाउ गर्ने छोटो दुरीको सडक भाटबेँसीबाट निर्माण गरिएको थियो। धितुङबाट लैकुखोला पार गर्ने बित्तिकै कुलोलाई 'क्रस' गरेर कुलोभन्दा माथि माथिबाट भाटबेँसीतर्फ सडक बनाइएको छ। कुलोमाथिबाट सडक खन्दा झरेको ढुङ्गा माटोले कुलो पुरिएको थियो। पटक पटक गुनासो गर्दा सुनुवाइ नभएको कुलो आठ वर्षपछि बनेको स्थानीय भोजराज सुवेदीले बताउनुभयो। बाँझगरा कुलो निर्माण भएपछि अहिले किसानले राहत महसुस गरेको स्थानीय पशुपती भट्टराईको भनाइ छ।

**Government of Koshi Province**
**Ministry of Water Supply, Irrigation and Energy**
**Water Resources and Irrigation Development Division**
**Tehrathum**

**Invitation for Bids**

Date of Publication : 1st July 2026 (2083-03-17)
Project No. and Title : 56218-001: Irrigation Modernization Enhancement Project
Deadline for Submission of Bids : 31st July 2026 (2083-04-15), 12:00 Noon

1. The Government of Nepal has received for financing from the Asian Development Bank (ADB) toward the cost of Irrigation Modernization Enhancement Project. Part of this financing will be used for payments under the Contracts named below. Bidding is open to Bidders from eligible source countries of ADB.
2. The Water Resources and Irrigation Development Division, Tehrathum (WRIDD, Tehrathum) "the Employer" invites sealed bids from eligible Bidders for the construction and completion of the following projects "(the Works)"
3. Open competitive bidding will be conducted in accordance with ADB's Single Stage: Two-Envelope (1S2E) procedure and is open to all Bidders from eligible countries as described in the Bidding Document.
4. Only eligible Bidders with the following key qualifications defined in the bidding document may participate in this bidding :

| S. N. | Contract No. | Project Name and Description of Works | Location | Average Annual Construction Turnover | Work Experience of Similar size and Nature | Financial Resources |
|---|---|---|---|---|---|---|
| 1. | IMEP/ Tehrathum/B-1b/CW-73 | Construction of Gurashe Kulo Irrigation Sub- Project | Menchhayayem RM-3, 4, Tehrathum | NRs. 47.16 million | NRs. 28.30 million | NRs. 5.90 million |
| 2. | IMEP/ Tehrathum/B-1b/CW-74 | Construction of Myankhuwa Kulo Irrigation Sub-Project | Menchhayayem RM-5, 6, Tehrathum | NRs. 48.14 million | NRs. 28.89 million | NRs. 6.02 million |

5. To obtain further information and inspect the bidding documents, Bidders should contact:
Division Chief, WRIDD, Tehrathum, Myanglung-1, Tehrathum, Koshi Province
Telephone: +977-9852060175, 026-460175 E-mail: idd.terahthum@gmail.com
6. To purchase the bidding documents in English, eligible Bidders should
   - Write to address above requesting the bidding documents for the bids mentioned above in the table.
   - Pay a non-refundable fee of NPR. 5,000 (Five thousands only) for each bid in the form of Bank Voucher deposited in the Nepal Bank Limited, Tehrathum Branch in Revenue Account No.: 27002000001001000001 in favor of WRIDD, Tehrathum, Office Code: 3130205011, Revenue Heading No.: 14229.
7. Deliver your Bid
   - To the Address: Water Resources and Irrigation Development Division, Tehrathum, Myanglung-1
   - On or before the deadline: 31st July 2026, 12:00 Noon
   - Together with a Bid Security as described in the Bidding Document.

Bids will be opened immediately after the deadline for bid submission in the presence of Bidders' representatives who choose to attend.

**Government of Koshi Province**
**Ministry of Water Supply, Irrigation and Energy**
**Water Resources and Irrigation Development Division,**
**Gaighat, Udayapur**

**Invitation for Bids**

Date of Publication : 1st July 2026 (2083-03-17)
Project No. and Title : 56218-001: Irrigation Modernization Enhancement Project
Deadline for Submission of Bids : 31st July 2026 (2083-04-15), 12:00 Noon

1. The Government of Nepal has received for financing from the Asian Development Bank (ADB) toward the cost of Irrigation Modernization Enhancement Project. Part of this financing will be used for payments under the Contracts named below. Bidding is open to Bidders from eligible source countries of ADB.
2. The Water Resources Irrigation Development Division, Gaighat, Udayapur (WRIDD, Gaighat, Udayapur) "the Employer" invites sealed bids from eligible Bidders for the construction and completion of the following projects "the Works"
3. Open competitive bidding will be conducted in accordance with ADB's Single Stage: Two-Envelope (1S2E) procedure and is open to all Bidders from eligible countries as described in the Bidding Document.
4. Only eligible Bidders with the following key qualifications defined in the bidding document may participate in this bidding:

| S. N. | Contract No. | Project Name and Description of Works | Location | Average Annual Construction Turnover | Work Experience of Similar size and Nature | Financial Resources |
|---|---|---|---|---|---|---|
| 1. | IMEP/ Udayapur/B-1b / CW -78 | Construction & Rehabilitation of Babiya Khola Irrigation Sub Project | Triyuga Municipality-02, Udayapur | NRs. 43.10 million | NRs. 26.00 million | NRs. 5.40 million |

5. To obtain further information and inspect the bidding documents, Bidders should contact:
Division Chief, WRIDD, Gaighat, Udayapur, Koshi Province
Telephone: +977-9852835648, E-mail: udayapur.irrigation@gmail.com
6. To purchase the bidding documents in English, eligible Bidders should
   - write to address above requesting the bidding documents for the bids mentioned above in the table.
   - pay a nonrefundable fee of NPR. 5,000 (Five thousand) for each bid in the form of Bank Voucher deposited in the Rastriya Banijya Bank , Gaighat Branch in Revenue Account No.: 27002000001001000001 in favor of WRIDD, Gaighat, Udayapur, Office Code: 3130211011, Revenue Heading No.: 14229.
7. Deliver your Bid
   - To the Address: Water Resources and Irrigation Development Division, Gaighat, Udayapur
   - On or before the deadline: 31st July 2026, 12:00 Noon
   - Together with a Bid Security as described in the Bidding Document.

Bids will be opened immediately after the deadline for bid submission in the presence of Bidders' representatives who choose to attend.

**DIVISION CHIEF, WRIDD, UDAYAPUR**

**Government of Koshi Province**
**Ministry of Water Supply, Irrigation and Energy**
**Water Resources and Irrigation Development Division**
**Taplejung**

**Invitation for Bids**

Date of Publication : 1st July 2026 (2083-03-17)
Project No. and Title : 56218-001: Irrigation Modernization Enhancement Project
Deadline for Submission of Bids : 31st July 2026 (2083-04-15), 12:00 Noon

1. The Government of Nepal has received for financing from the Asian Development Bank (ADB) toward the cost of Irrigation Modernization Enhancement Project. Part of this financing will be used for payments under the Contracts named below. Bidding is open to Bidders from eligible source countries of ADB.
2. The Water Resources and Irrigation Development Division, Taplejung (WRIDD, Taplejung) "the Employer" invites sealed bids from eligible Bidders for the construction and completion of the following projects "the Works"
3. Open competitive bidding will be conducted in accordance with ADB's Single Stage: Two-Envelope (1S2E) procedure and is open to all Bidders from eligible countries as described in the Bidding Document.
4. Only eligible Bidders with the following key qualifications defined in the bidding document may participate in this bidding:

| S. N. | Contract No. | Project Name and Description of Works | Location | Average Annual Construction Turnover | Work Experience of Similar size and Nature | Financial Resources |
|---|---|---|---|---|---|---|
| 1. | IMEP/Taplejung/ B-1b/CW-71 | Construction of Chuwa Khola Irrigation Sub Project | Aathrai Tribeni-3, Taplejung | NRs. 38.64 million | NRs. 23.19 million | NRs. 4.83 million |
| 2. | IMEP/Taplejung/ B-1b/CW-72 | Construction of Khokse Nakedanda Bhirmuni Irrigation Sub Project | Pathibhara Yangwarak-1, Taplejung | NRs. 48.32 million | NRs. 29.00 million | NRs. 6.04 million |

5. To obtain further information and inspect the bidding documents, Bidders should contact:
Division Chief, WRIDD, Taplejung, Phungling-2, Taplejung, Koshi Province
Telephone: +977-9852660061, E-mail: irrigation.taplejung@gmail.com
6. To purchase the bidding documents in English, eligible Bidders should
   - write to address above requesting the bidding documents for the bids mentioned above in the table.
   - pay a nonrefundable fee of NPR. 5,000 (Five thousand) for each bid in the form of Bank Voucher deposited in the Nepal Bank Limited, Taplejung Branch in Revenue Account No.: 27002000001001000001 in favor of WRIDD, Taplejung, Office Code: 3130201011, Revenue Heading No.: 14229.
7. Deliver your Bid
   - To the Address: WRIDD, Taplejung, Phungling-2, Taplejung, Koshi Province
   - On or before the deadline: 31st July 2026, 12:00 Noon
   - Together with a Bid Security as described in the Bidding Document.

Bids will be opened immediately after the deadline for bid submission in the presence of Bidders' representatives who choose to attend.